**सर्वोच्च अदालत, पूर्ण इजलास**

**सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपककुमार कार्की**

**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**

**माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ**

**आदेश**

**०७८-WF-००२९**

**मुद्दा :बन्दीप्रत्यक्षीकरण।**

सप्तरी जिल्ला, साविक वरही वीरपुर गा.वि.स. वडा नं. ५, हाल छिन्नमस्ता गा.पा. वडा नं. १ घर भै हाल कारागार कार्यालय सप्तरी, राजविराजमा थुनामा रहेका विनोदकुमार यादव.........................................................................................१ **निवेदक**

**विरूद्ध**

उच्च अदालत जनकपुर, राजविराज इजलास सप्तरी, राजविराज..............................१ **विपक्षी**

सप्तरी जिल्ला अदालत, तहशिल शाखा सप्तरी, राजविराज......................................१

कारागार कार्यालय सप्तरी, राजविराज.............................................................१

नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको क्षेत्राधिकार भई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम २को (ङ) बमोजिम पूर्ण इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

**तथ्य खण्ड**

१. म रिट निवेदक विनोदकुमार यादवसमेत उपर सप्तरी जिल्ला अदालतमा चलेको चतुरनारायण शाहको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी निवेदक विनोदकुमार यादव समेत भएको

अपहरण तथा शरीर बन्धक (०६४ सालको स.वा.फौ.नं.१३० को) मुद्दामा सप्तरी जिल्ला अदालतबाट मिति २०६९।०८।१० मा फैसला हुँदा रिट निवेदक प्रतिवादी विनोदकुमार यादव समेतलाई साविक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम १० (दश) बर्ष कैद र एक लाख रुपैयाँ जरिवाना हुने ठहरेको, सोही महलको ७ नं. बमोजिम थप २ वर्ष कैद र ६ वर्षको नाबालकलाई अपहरण गरे बापत भनी ९ नं. बमोजिम थप दुई वर्ष कैद समेत गरी जम्मा १४ वर्ष कैद हुने ठहरी फैसला भएको थियो। उक्त मुद्दामा तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।०६।१ गते शुरु फैसला सदर गरिएको र सर्वोच्च अदालतबाटसमेत मिति २०७६।१०।१६ मा सोही फैसला सदर हुने ठहर भएको छ। फैसला अनुसार मिति २०७०।०२।२० मा जम्मा १४ वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना ठेकिएको कैदी पूर्जी बमोजिम मिति २०६७।१२।०७ गतेदेखि आजका मितिसम्म करिब १० वर्ष ७ महिना कैदमा बसेको अवस्था छ।

२. उक्त मुद्दामा म रिट निवेदकलाई सजाय हुँदा साविक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ७ नं. ले थप २ वर्ष र ९ नं. बमोजिम थप २ वर्ष कैद सजाय भएको छ। हाल मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ र २१४ मा अपहरण तथा शरीर बन्धक लिएमा हुने सजायको व्यवस्था रहेको छ। मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ नं.ले गरेको दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठित रुपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको कुरामा तथा ९ नं. ले गरे अनुसारको "महिला वा नाबालक विरुद्ध कसूर गरेको कुरामा थप सजाय गर्ने व्यवस्था हाल प्रचलित अपराध संहितामा छैन। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानून बमोजिम नै कार्यान्वयन हुनेछ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजाय भन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ" भन्ने व्यवस्था रहेको हुँदा निवेदकलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ नं. र ९ नं.

बमोजिमको सजाय अब असूल गर्न मिल्दैन। सर्वोच्च अदालतबाट निवेदक हर्षबहादुर गुरुङ वि. काठमाण्डौ जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरण (०७७-WH-००६४) को निवेदन तथा निवेदक पार्वती गाहामगर वि. काठमाण्डौ जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरण (०७७-WH-०२४४) को निवेदनका सन्दर्भमा प्रतिपादित सिद्धान्तका आधारमा साविक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम ठहर भएको १० वर्ष कैद मात्र कायम गरी संशोधित कैदी पूर्जी उपलब्ध गराई पाउन सप्तरी जिल्ला अदालत समक्ष निवेदन दिएकोमा मिति २०७८।०४।०८ मा संशोधन नगर्ने गरी आदेश भयो। सो आदेश उपर उच्च अदालत जनकपुर, राजविराज इजलास समक्ष निवेदन गर्दा समेत सप्तरी जिल्ला अदालतबाट भएको आदेश बेरीतको आदेशलाई मिति २०७८।०६।१४ मा सदर गरियो। उल्लिखित आदेशहरु उत्प्रेषणको आदेशले बदर गरी हालको कानूनी व्यवस्था अनुसारको संशोधित कैदी पूर्जी दिनु भनी प्रत्यर्थीका नाममा परमादेशको जारी गरी बन्दीप्रत्यक्षीकरणको आदेश समेत जारी गरी थुना मुक्त हुन पाउँ भन्ने व्यहोराको रिट निवेदन।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिव आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नू भनी प्रत्यर्थीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि रीट निवेदनसँग सम्बन्धित अपहरण तथा शरीर बन्धक मुद्दा (०७२-CR-२०१६) मा यस अदालतबाट मिति २०७६।१०।१६ मा भएको फैसला सहितको रेकर्ड मिसिल साथै राखी पेश गर्नू भन्ने यस अदालतको मिति २०७८।९।३ को आदेश।

४. चतुरनारायण साहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी विनोदकुमार यादव भएको अपहरण तथा शरीर बन्धक मुद्दामा भएको फैसला अनुसार निजलाई १४ वर्ष कैद र रु.१००००० जरिवाना हुने भन्ने सप्तरी जिल्ला अदालतको पत्र संख्या ०६९।०७० को च.नं.१०८२६ मिति २०७०।०२।२० को कैदी पूर्जी अनुसार कारागार कार्यालय, सप्तरी

राजविराजमा कैदमा राखिएको हो। रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको कारागार कार्यालय सप्तरी, राजविराजको लिखित जवाफ।

५. प्रतिवादी विनोदकुमार यादवलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम १० बर्ष कैद र रु. एक लाख जरिवाना, ऐ.को ७ नं. बमोजिम थप २ बर्ष कैद र ६ बर्षको नाबालकलाई अपहरण गरेबापत ९ नं. बमोजिम थप २ बर्ष कैदसमेत गरी जम्मा १४ बर्ष कैद र रु. एक लाख जरिवाना हुने ठहरी फैसला भएको, सो फैसला शुरु सदर हुने ठहर्‍याई मिति २०७१।०६।०१ मा तत्कालिन पुनरावेदन अदालत राजविराजबाट फैसला भएको, सर्वोच्च अदालतबाट समेत सो फैसला सदर हुने गरी मिति २०७६।१०।१६ मा फैसला भई मुद्दा अन्तिम भई बसेको अवस्था देखिन्छ। यस अदालतको च.नं. १०८२६ मिति २०७०।०२।०२ गते कारागार कार्यालय राजविराज, सप्तरीको नाँउमा कैदी पूर्जी जारी भई निज प्रतिवादी विनोदकुमार यादव हाल कारागार कार्यालय, सप्तरी राजविराजमा कैदमा रहेको देखिन्छ। निवेदक विनोदकुमार यादवले मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ७ नं. र ९ नं. बमोजिम थप २/२ बर्ष कैद सजाय भएकोमा उक्त कानूनी व्यवस्था हाल मुलुकी अपराध संहिता, २०७४ मा नभएको र केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२) अनुसार १० वर्ष मात्र कैद हुने हुदाँ हालको कानूनी व्यवस्था अनुसार संशोधित कैदी पूर्जी पाँउ भनी मिति २०७८।०३।२५ मा निवेदन दिएको देखिन्छ। सो सम्बन्धमा तत्कालिन मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. र ९ नं. मा यस महल बमोजिम हुने सजायमा थप गरी सजाय गर्नु पर्छ भन्ने कानूनी व्यवस्था भएको देखिदा निवेदक प्रतिवादीलाई थप सजायबाट छुट वा उन्मुक्ति दिने गरी कैदी पूर्जी संशोधन गर्न मिल्ने नदेखिंदा कैदी पूर्जी संशोधन गर्न मिलेन भनी मिति २०७८।०४।०८ गते यस अदालतबाट आदेश भएको छ। सो आदेश उच्च अदालत जनकपुर राजविराज इजलासबाट वेरीतको नदेखिएको भनी मिति २०७८।०६।१४ गते सदर भएको छ। निजलाई अदालतको फैसला अनुसार नै कानून बमोजिम कैदी पूर्जी दिई कैदमा राख्न पठाएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनु पर्ने होइन। रिट निवेदन खारेज

गरी पाउँ भन्ने व्यहोराको सप्तरी जिल्ला अदालत, तहसिल शाखाको लिखित जवाफ।

६. निवेदक प्रतिवादी उपरको अपहरण र शरीर बन्धक (०७२-CR-२०१६) को मुद्दामा सर्वोच्च अदालतबाट मिति २०७६।१०।१६ गते अन्तिम फैसला भएको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ मिति २०७५।५।१ देखि लागू भएको देखिएको, सो संहिताको दफा २११ ले अपहरणको कसूर हुने र दफा २१२ ले शरीर बन्धकको कसूरमा थप सजायको व्यवस्था गरेको देखिन्छ। साविक मुलुकी ऐन, अपहरण र शरीर बन्धक लिनेको महलले थप सजायको व्यवस्था गरी महिला र नाबालकको हकमा समेत पृथक र थप सजायको व्यवस्था गरेको देखिएको छ। प्रचलित मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१७ मा महिला र नाबालकको हकमा भएको कसूरमा थप सजायको व्यवस्था गरेको नहुँदा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन, र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को कानूनी व्यवस्था बमोजिम कैदी पूर्जी संशोधन हुनुपर्ने भनी उल्लेख गरेको देखिएपनि निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ लागू भईसके पश्चात मात्र मिति २०७६।१०।१६ गते सर्वोच्च अदालतबाट अन्तिम फैसला हुँदा सुरु र साविक पुनरावेदन अदालतबाट भएको सजाय र थप सजाय समेतको ठहरमा कुनै परिवर्तन भएको नदेखिएबाट सो फैसलाले थप सजाय कायम नै गरेको देखिएको परिप्रेक्ष्यमा र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१७ ले समेत अपहरण र शरीर बन्धक मुद्दाको कसूरमा दफा २१४ मा थप सजाय गर्ने व्यवस्था रही सो सजायको हद साविक मुलुकी ऐन, अपहरण र शरीर बन्धकको कसूरमा हुने थप सजाय भन्दा बढी रहेको देखिंदा सुरु सप्तरी जिल्ला अदातलबाट मिति २०७८।४।८ मा भएको आदेश बेरीतको नदेखिंदा परिवर्तन गरी रहनु परेन भनी यस अदालतबाट मिति २०७८।०६।१४ गते भएको आदेश कानूनसम्मत छ। रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको उच्च अदालत जनकपुर, राजविराज इजलासको लिखित जवाफ।

७. निवेदक विनोदकुमार यादवलाई कूल १४ (चौध) बर्ष मात्र कैद सजाय हुने ठहर भएको र सोही अनुसार कैदी पूर्जी जारी गरिएको देखिन्छ। निवेदक र अन्य व्यक्ति समेत भई सामुहिक वा सङ्गठित रुपमा नाबालकलाई अपहरण गरी बन्धक बनाएको कुरा यस

अदालतबाट समेत ठहर भईसकेको पाइयो। नाबालक उपरको कसूर भएकाले यसलाई वर्तमान मुलुकी अपराध संहिता, २०७४ को दफा ३८(ब) का सन्दर्भमा सजायको मात्रा बढाउने एउटा तत्वको रुपमा पनि लिनु पर्ने हुन्छ। यसरी हेर्दा सङ्गठित रुपमा नाबालक उपर कसूर भएको अवस्था भएकाले पनि निवेदक विनोदकुमार यादव उपर कूल १७ बर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ मा रहेको पाइयो। यस अवस्थामा निज निवेदकलाई १४ बर्ष कैद हुने ठहर गरिएको र तदनुसार कैद असुली गर्ने गरी कैदी-पूर्जी दिइएको कुरालाई कानून प्रतिकूल मान्न मिल्ने देखिदैन। तसर्थ, प्रस्तुत विवादको सन्दर्भमा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम निवेदकलाई सुविधा प्रदान गर्नु पर्नेसम्मको पूर्वावस्था विद्यमान रहेको देखिन आएन।

८. तर, यस्तै कानूनी प्रश्न समावेश भएको अर्थात समान प्रकृतिको निर्णय गर्नु पर्ने कानूनी प्रश्न रहेको निवेदक पार्वती गाहामगर वि. काठमाण्डौ जिल्ला अदालतसमेत भएको ०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनका सिलसिलामा यस अदालतको संयुक्त ईजलासबाट मिति २०७७/१२/२३ मा अहिले यस ईजलासबाट गरिएको उपरोक्त अनुसारको व्याख्याभन्दा फरक व्याख्या भएको देखिन आयो। उक्त ०७७-WH-०२४४ को निवेदनको सन्दर्भमा व्याख्या हुँदा "अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. र ९ नं. बमोजिमको व्यवस्था अनुरुप सङ्गठित रुपमा गरिएको अवस्था वाहेक सामूहिक रुपमा गरिएको अपराध तथा महिला बालबालिकाको विरुद्ध कसूर गरेबापत थप सजाय हुन सक्ने व्यवस्था हाल मुलुकी अपराध संहिता, २०७४ मा नरहेको" भनी साविक अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. बमोजिम केवल ४ वर्ष कैद भएको अवस्थामा पनि ७ नं. र ९ नं. तर्फको थप सजाय गर्न नमिल्ने व्याख्या भएको देखिन्छ। प्रस्तुत विषयमा यस ईजलासको दृष्टिकोण माथि उल्लेख भैसकेको छ। परिणामतः ०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनका सिलसिलामा यस अदालतको संयुक्त ईजलासबाट मिति २०७७/१२/२३ मा गरिएको व्याख्यासँग यो ईजलास सहमत हुन सकेन। यस सम्बन्धमा यस अदालतको निर्णय वा व्याख्यामा एकरुपता कायम हुनु वाञ्छनीय देखिएकाले अव प्रस्तुत

रिट निवेदन उपर सुनुवाईका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ङ) बमोजिम पूर्ण इजलासमा पेश गर्नू भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०७८।१२।२४ को फैसला।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो।

१०. रिट निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री प्रकाश निरौला र श्री रामप्रसाद ढुंगेलले केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय मुलुकी अपराध संहितामा सो कसूरमा लेखिएको हदसम्म मात्र कार्यान्वयन गर्न मिल्छ। निवेदकलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम थप २ वर्ष कैद र ऐ. ९ नं. बमोजिम २ वर्ष थप कैदको सजाय गर्न मिल्दैन। सो महलको ३ नं. बमोजिम अधिकतम १० वर्षसम्म कैद सजाय हुने हो। निवेदकलाई निवेदन माग बमोजिम कैदी पूर्जी संशोधन गरी दश वर्ष कैद कायम गर्नुपर्नेमा सो नगरी मिति २०६७।१२।७ देखि हालसम्म थुनामा रहेकोले कानून बमोजिम हुनुपर्ने अधिकतम सजाय कैद वर्ष १० भुक्तान भै सकेको हुँदा विपक्षीहरुको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

११. विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुली र विद्वान् उपन्यायाधिवक्ता श्री कैलाश के.सी. ले नाबालक उपरको कसूर भएकोले यसलाई वर्तमान मुलुकी अपराध संहिता, २०७४ को दफा ३८(ब) को सन्दर्भमा सजायको मात्रा बढाउने एउटा तत्वको रुपमा लिनुपर्ने हुन्छ। त्यस अवस्थामा सङ्गठित रुपमा नाबालक उपर गरेको कसूरमा यी निवेदकलाई १७ वर्षसम्म कैद हुन सक्ने व्यवस्था मुलुकी अपराध संहिताको दफा २१४ मा रहेको हुँदा यी निवेदकलाई कानून बमोजिम हुन सक्ने भन्दा बढी कैद नभएको अवस्थामा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१२. यसमा, म निवेदक विनोदकुमार यादव उपर सप्तरी जिल्ला अदालतमा चलेको अपहरण तथा शरीर बन्धक मुद्दामा मिति २०६९।८।१० मा तत्काल प्रचलित मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम १० वर्ष कैद र १ लाख जरिवाना तथा सङ्गठित रुपमा कसूर गरे तर्फ ऐ. ७ नं. बमोजिम थप २ वर्ष कैद र ६ वर्षको नाबालकलाई अपहरण गरे बापत ऐ. ९ नं. बमोजिम थप २ वर्ष कैद समेत जम्मा कैद वर्ष १४ हुने ठहरी सो अदालतबाट भएको फैसला तत्कालिन पुनरावेदन अदालत राजविराजबाट र यस अदालतबाट समेत सदर ठहरी फैसला भएको छ। हाल मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१७ मा अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर अन्तर्गत दफा २१३ मा अपहरण वा शरीर बन्धक लिएमा हुने सजायको व्यवस्था भएको तर दफा २१४ मा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. र ९ नं. मा भएको थप सजाय गर्ने व्यवस्था नरहेको र केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम थप सजाय कार्यान्वयन हुन नसक्ने भएकाले मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम १० वर्ष कैद मात्र कार्यान्वयन हुने गरी कैद म्याद ठेकी संशोधित कैदी पूर्जी पाउँ भनी सप्तरी जिल्ला अदालतमा निवेदन दिएकोमा कैदी पूर्जी संशोधन नहुने भनी सो अदालतबाट मिति २०७८।४।८ मा भएको आदेश एवम् उक्त आदेश सदर गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७८।६।१४ मा आदेश समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गराई पाउँ भनी यी निवेदकले यस अदालतमा प्रस्तुत निवेदन दायर गरेको देखिन्छ।

१३. उक्त निवेदनमा यस अदालतको संयुक्त इजलासबाट नाबालक उपरको कसूर भएकोले यसलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ३८(ब) का सन्दर्भमा सजायको मात्रा बढाउने एउटा तत्वको रुपमा पनि लिनुपर्ने हुन्छ। यसरी हेर्दा सङ्गठित रुपमा नाबालक उपर कसूर भएको अवस्था भएकोले पनि निवेदक विनोदकुमार यादव उपर कुल १७ वर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ मा रहेको पाइयो। यस अवस्थामा निज निवेदकलाई १४ वर्ष कैद हुने ठहर

गरिएको र तदनुसार कैद असुली गर्ने गरी कैदी पूर्जी दिइएको कुरालाई कानून प्रतिकूल मान्न मिल्ने नदेखिंदा प्रस्तुत विवादको सन्दर्भमा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम निवेदकलाई सुविधा प्रदान गर्नुपर्ने सम्मको पूर्वावस्था विद्यमान रहेको देखिन आएन तर निवेदक पार्वती गाहामगरसमेत वि. काठमाडौं जिल्ला अदालतसमेत भएको ०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनमा यस अदालतको संयुक्त इजलासबाट साविक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. र ९ नं. बमोजिम सङ्गठित रुपमा गरिएको अवस्था बाहेक सामूहिक रुपमा गरिएको अपराध तथा महिला बालबालिकाको विरुद्ध कसूर गरेबापत थप सजाय हुन सक्ने व्यवस्था हाल मुलुकी अपराध संहिता, २०७४ मा नरहेकाले साविक अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ७ र ९ नं. बमोजिम थप सजाय केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम कार्यान्वयन हुन नसक्ने भनी मिति २०७७।१२।२३ मा भएको फैसलाको रायसँग सहमत नभएको भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ङ) बमोजिम रुलिङ्गमा एकरुपता कायम गर्न पूर्ण इजलासमा पेश गर्नू भनी मिति २०७८।१०।६ मा भएको आदेश बमोजिम प्रस्तुत मुद्दा यस इजलास समक्ष पेश भै आएको देखियो।

१४. उल्लिखित तथ्य भएको प्रस्तुत निवेदनमा रिट निवेदक र विपक्षी नेपाल सरकार दुवै तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुको तर्कपूर्ण बहस सुनी मिसिल संलग्न प्रमाण कागजहरुको अध्ययन गरी हेर्दा निम्न विषयमा निर्णय दिनुपर्ने हुन आयो।

(क) तत्काल कायम रहेको मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम भएको सजायमा ऐ.महलको ७ र ९ नं. बमोजिम भएको थप सजाय मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ र केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को रोहमा कायम हुन सक्ने हो वा होइन?

(ख) निवेदक पार्वती गाहामगर वि. काठमाडौं जिल्ला अदालतसमेत भएको ०७७-WH-

०२४४ को बन्दीप्रत्यक्षीकरण निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।१२।२३ मा व्याख्या भै कायम भएको सिद्धान्त वा प्रस्तुत मुद्दामा मिति २०७८।१०।६ मा संयुक्त इजलासबाट व्यक्त राय मध्ये कुन व्याख्या कायम हुनुपर्ने हो?

(ग) निवेदन माग बमोजिम कुनै आदेश जारी हुनु पर्ने हो, होइन?

१५. **अब पहिलो प्रश्न अर्थात तत्काल कायम रहेको मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम भएको सजायमा ऐ.महलको ७ र ९ नं. बमोजिम भएको थप सजाय मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ र केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को रोहमा कायम हुन सक्ने हो वा होइन?**भन्ने प्रश्नतर्फ विचार गर्दा यी निवेदक विरुद्ध सप्तरी जिल्ला अदालतमा चलेको अपहरण तथा शरीर बन्धक मुद्दामा तह तह फैसला भै यस अदालतबाट समेत मिति २०७६।१०।१६ मा निजलाई तत्काल कायम रहेको मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम १० बर्ष कैद तथा ऐ. ७ नं. बमोजिम थप २ वर्ष र ऐ. ९ नं. बमोजिम थप २ वर्ष गरी जम्मा १४ बर्ष कैद सजाय गरेको पुनरावेदन अदालत राजविराजको फैसला सदर भएको इजलास समक्ष पेश हुन आएको ०७२-CR-२०१६ को अपहरण तथा शरीर बन्धक मुद्दाको मिसिलबाट देखिन आउँछ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-१७ मा अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर अन्तर्गत दफा २१३ मा अपहरण वा शरीर बन्धक लिएमा अधिकतम दश वर्ष कैद सजाय हुने व्यवस्था भएको र दफा २१४ मा थप सजायको शीर्षक अन्तर्गत साविक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ७नं. र ९ नं. मा भएको जस्तो थप सजाय गर्ने व्यवस्था नरहेकोले केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को प्रतिबन्धात्मक वाक्यांश मा भएको **"तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यन्वयन हुनेछ"** भन्ने व्यवस्था बमोजिम आफूलाई १० वर्ष कैदको सजाय मात्र कार्यान्वयन हुन सक्ने भन्ने निवेदकको मुख्य जिकिर

रहेको छ।

१६. यस सन्दर्भमा साविकमा प्रचलनमा रहेको मुलुकी ऐनमा रहेको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. मा वर्णित अपहरण गर्ने तथा शरीर बन्धक लिने कसूरको परिभाषा र सो ऐनलाई खारेज गरी जारी भएको मुलुकी अपराध संहिता,२०७४ को दफा २११ तथा २१२ मा उल्लिखित अपहरण तथा शरीर बन्धक लिने सम्बन्धी कसूरको परिभाषामा शब्द संयोजनमा सामान्य फरक देखिएतापनि कसूरको प्रकृतिको दृष्टिले आधारभूत रुपमा समान देखिन्छ। यसबाट मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. मा परिभाषित कसूरलाई नै मुलुकी अपराध संहिता,२०७४ को दफा २११ र २१२ ले निरन्तरता दिएको भन्ने स्पष्ट हुन आउँछ।

१७. सजायका हकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई **"सात वर्ष देखि पन्ध्र वर्ष सम्म कैद र पचास हजार रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिवाना"** हुने व्यवस्था देखिन्छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ मा "दफा २११ वा दफा २१२ बमोजिमको काम गरे वा गराएको भए**"सात वर्ष देखि दश वर्ष सम्म कैद र सत्तरी हजार देखि एक लाख रुपैयाँ सम्म जरिवाना"**हुने देखिन्छ। प्रस्तुत मुद्दामा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) को व्याख्याको प्रश्नसमेत सन्निहित रहेको सन्दर्भमा मुलुकी अपराध संहिता,२०७४ को दफा २१३ मा सजाय तोकिएको कसूर साविकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा तोकिएको सजाय र कसूर भन्दा फरक नभएको भन्ने उल्लिखित कानूनी व्यवस्थाबाट देखिएको स्थितिमा पूर्वपठित दफा ३९(२) (ग) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित **"सोही कसूर"** मा नै उक्त सजाय तोकेको भन्ने स्पष्ट हुन आउँछ। यस बाहेक थप सजाय शीर्षक अन्तर्गत सो संहिताको दफा २१४ मा देहाय बमोजिमको व्यवस्था देखिन्छः-

**"२१४<u>थप सजाय हुने:</u>(१) दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश बर्षदेखि पन्ध्र बर्षसम्म कैद र एक लाख देखि एक लाख पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।**

**(२)कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस संहिता वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर बापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुनेछ।**

**(३)दफा २११ र २१२ को कसूर सङ्गठित रुपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई बर्ष कैद सजाय हुनेछ।"**

१८. उल्लिखित कानूनी व्यवस्था हेर्दा साविकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सात वर्ष देखि पन्ध्र वर्ष कैदको सजाय सो महलको १ नं. बमोजिमको अपहरणको कसूर वा ऐ.२ नं. बमोजिमको शरीर बन्धकको कसूरमा हुने देखिन्छ। तर सोही कसूरमा मुलुकी अपराध संहिताको दफा २१३ ले सात वर्ष देखि दश वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको देखिन्छ। सो संहिताको दफा २१४ मा भएको थप सजाय सम्बन्धी व्यवस्था अन्तर्गत उपदफा (१) मा भएको दश देखि पन्ध्र वर्षसम्म कैदको सजाय दफा २११ बमोजिम अपहरण **"गरी"** दफा २१२ बमोजिम शरीर बन्धक लिनेको हकमा मात्र आकर्षित हुने देखियो। यसबाट अपहरण गर्ने **"वा"** शरीर बन्धक लिनेलाई मुलुकी ऐनले तोकेको सात देखि पन्ध्र वर्षको सजायलाई मुलुकी अपराध संहिता,२०७४ को दफा २१३ ले सातदेखि दश वर्ष तोकेको देखियो। जहाँसम्म दफा २१४ को उपदफा (१) ले तोकेको अधिकतम पन्ध्र वर्षसम्म कैद हुने कसूर छ उक्त कसूर "अपहरण गरी शरीर बन्धक लिएको" वा "अपहरण र शरीर बन्धक" को कसूर एक साथ भएको अवस्था देखियो। तर पूर्ववर्ती कानून मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ मा तोकिएको पूर्वावस्थासँग मिल्दो जुल्दो अपहरण **"वा"** शरीर बन्धकको कसूर उल्लेख भएको देखिन्छ।संहिताको दफा २१४ को थप सजाय "अपहरण **गरी** शरीर बन्धक" लिएको अर्थात अपहरण **"र"** शरीर बन्धक कसूरका लागि भन्ने देखिन आउँछ।

१९. वस्तुतः मुलुकी ऐन र मुलुकी अपराध संहिता, २०७४ ले के कस्तो कार्यबाट अपहरण गरेको मानिने र के कस्तो कार्यलाई शरीर बन्धक लिएको मानिने भनी अलग अलग परिभाषा गरेबाट यी दुई भिन्न कसूर हुन् भन्ने प्रष्ट हुन्छ। यी दुवै अपराधिक कार्यको छुट्टाछुट्टै अस्तित्व छ। मूलतः यी दुवै कसूर सँगसँगै हुने भएतापनि एकको अभावमा अर्को कसूर कायम नै नहुने अवस्था भने नहुँदा उल्लिखित कसूरमा तोकिएको सजायलाई समेत सोही रुपमा हेर्नुपर्ने हुन्छ।यस आधारबाट हेर्दा मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. वा २ नं. को कसूरमा ३ नं. बमोजिम भएको सजाय मुलुकी अपराध संहिता, २०७४ को दफा २१३ ले निरन्तरता दिएको अवस्था हो भने अपहरण गरी शरीर बन्धक लिएको दफा २१४ (१) बमोजिम कसूर र सजाय साविकमा मुलुकी ऐनले गरेको सजाय भन्दा भिन्न देखिन आउँछ। साविकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा भएको सजायको निरन्तरता मुलुकी अपराध संहिता,२०७४ को दफा २१३ हो र ऐ.को दफा २१४ मा तोकिएको कसूर र सजाय भिन्न र थप कसूर र सजाय हो भन्ने तथ्य कानून व्याख्याको व्याकरणात्मक (Grammartical) नियमबाट समेत स्पष्ट हुन्छ। जसअनुसार "र" र "वा" लाई समानार्थी शब्दका रुपमा प्रयोग गर्न मिल्दैन। यी दुईको अर्थ र परिणाम फरक हुन्छ। "वा" विकल्प बोधक पद हो। जसले दुई वा दुई भन्दा बढी विकल्पबाट छनोटको अवसर प्रदान गर्दछ। "वा" को प्रयोग दुई वा सो भन्दा बढी मध्ये एक भन्ने अर्थमा प्रयोग हुन्छ। यसले दुवै वा सबैलाई समेट्न सक्दैन। तर "र" योजक हो। "र" ले दुई स्वतन्त्र पद, पदावली वा वाक्यलाई जोड्छ र यसले दुवैलाई समेटेको हुन्छ।परिणामतः मुलुकी अपराध संहिता,२०७४ को दफा २१४ को उपदफा (१) ले सजाय हुने कसूर अपहरण “र” शरीर बन्धक दुवै हुनुपर्ने देखिन्छ भने मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. ले सो महल अन्तर्गत हुने कसूर र सजायमा संहिताको दफा २१३ र दफा २१४(१) ले जस्तो अलग गरेको देखिन आएन।

२०. यसैगरी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. मा भएको थप सजाय सम्बन्धी व्यवस्था मुलुकी अपराध संहिताको अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर शीर्षकको परिच्छेदमा भएको कसूर र सजाय सम्बन्धी व्यवस्थाले समेटको छ वा

छैन? भन्ने सम्बन्धमा हेर्दा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ७ नं. मा देहायको व्यवस्था देखिन्छः-

**"७ नं. :- दुई वा दुई भन्दा बढी व्यक्ति मिली वा सङ्गठित रुपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महल बमोजिम हुने सजायमा दुई बर्ष थप गरी सजाय गर्नुपर्छ।"**

२१. यस सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (३) मा भएको व्यवस्थादेहाय बमोजिम रहेको छः-

**"(३) दफा २११ र २१२ को कसूर सङ्गठित रुपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई बर्ष कैद सजाय हुनेछ"।**

२२. उल्लिखित कानूनी व्यवस्था हेर्दा मुलुकी ऐनमा "दुई वा दुई भन्दा बढी व्यक्ति मिली" वा "सङ्गठित रुपमा" कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएकोभन्ने उल्लेख छ भने मुलुकी अपराध संहिता,२०७४ मा'दुई वा दुई भन्दा बढी व्यक्ति मिली' भन्ने वाक्याँश नराखी "...कसूर सङ्गठित रुपमा गरे गराएको रहेछ भने..." मात्र भन्ने वाक्याँश राखेको पाइन्छ।

२३. निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुले तत्काल कायम रहेको मुलुकी ऐनको व्यवस्थाले "दुई वा दुई भन्दा बढी व्यक्ति मिली" वा "सङ्गठित रुपमा" कसूर गरेको भनी दुई पूर्वावस्था तोकेकोमा मुलुकी अपराध संहिताले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को "दुई वा दुई भन्दा बढी व्यक्ति मिली" भन्ने वाक्याँश हटाई "सङ्गठित रुपमा गरे गराएको" भन्ने मात्र उल्लेख गरेको हुँदा संहिताको व्यवस्थाले सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गत कसूर ठहर हुने अवस्थामा मात्र दफा २१४(३) बमोजिम थप सजाय हुन सक्ने हो।सो ऐन अन्तर्गतको परिभाषाले नसमेटेको कसूरको हकमा दफा २१४(३) बमोजिम थप सजाय हुन सक्दैन भनी जिकिर लिएको अवस्था छ।०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट पनि सोही अनुरुप व्याख्या भएको समेत देखिन्छ।

२४. वस्तुतः सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ ले अपराधिक समूहको सदस्य भै वा त्यस्तो समूहको निर्देशनमा वा सो समूहको लाभको लागि अपराधिक समूहको

तर्फबाट अपराधिक समूहसँग मिलेर वा अपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भै जानी जानी कुनै गम्भीर अपराध गरेमा सङ्गठित अपराध हुने र सो अपराध हुनका लागि तीन वा तीन भन्दा बढी व्यक्तिको समूह हुन आवश्यक मानेको देखिन्छ। यस आधारमा हेर्दा प्रतिवादीहरु तीन जना वा सो भन्दा बढी नभएको अवस्थामा ऐनको दफा ३ ले तोकेको पूर्वावस्था विद्यमान हुँदैन। मुलुकी अपराध संहिता,२०७४ को दफा २१४ को उपदफा (३) मा साविक मुलुकी ऐनमा भएजस्तो "दुई वा दुई भन्दा बढी व्यक्ति मिलि" भन्ने वाक्यांश नभएको र "सङ्गठित रुपमा गरे गराएको कसूर" भनी उल्लेख भएको अवस्थामा उक्त वाक्यांशले सो उपदफा बमोजिमको सजाय हुन सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिमको "सङ्गठित अपराध" वा कुनै कसूर सो ऐनले तोके अनुरुप "संङ्गठित रुपमा" गरिएको हुनुपर्ने हुँदा मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम थप भएको सजाय कार्यान्वयन हुन नसक्ने हो कि भन्ने सम्बन्धमा विचार गर्दा देहायका दुई मुख्य कारणले मुलुकी अपराध संहिताको दफा २१४ को उपदफा (३) मा प्रयुक्त"सङ्गठित रुपमा गरे गराएको रहेछ" भन्ने वाक्यांशले सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको"सङ्गठित अपराध" वा "सङ्गठित रुपले" गरेको कसूरलाई बुझाउन सक्दैन भन्ने स्पष्ट हुन्छः-

(क) <u>**पहिलो,**</u>तत्काल कायम रहेको मुलुकी ऐनमा मिति २०६४।८।१४ मा भएको बाह्रौं संशोधनबाट अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल थप भएको देखिन्छ। सो महलको ७ नं. को व्यवस्था शुरुदेखि कुनै संशोधन नभएको मौलिक व्यवस्था हो। सो नम्बरमा "दुई वा दुई भन्दा बढी व्यक्ति मिली" वा "सङ्गठित रुपमा" "कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए..." भन्ने उल्लेख भएतापनि मुलुकी ऐनमा संशोधन गरी उक्त महल थप गर्दाका बखत अर्थात मिति २०६४।८।१४ मा सङ्गठित अपराध निवारण ऐन जारी भएको अवस्था थिएन। सङ्गठित अपराध निवारण सम्बन्धी एकिकृत कानून पहिलो पटक मिति २०६९।११।४ मा अध्यादेशका रुपमा र मिति २०७०।१२।२२ मा ऐन जारी भएकोमा सो ऐन जारी हुनुभन्दा ५-६ वर्ष अगाडि बनाइएको कानून (मुलुकी ऐन, अपहरण गर्नेको तथा शरीर बन्धक लिनेको महल) मा प्रयुक्त "सङ्गठित रुपमा" भन्ने

वाक्याँशले सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको "सङ्गठित रुपमा" गरिएको कसूरलाई इङ्गित गर्न सक्ने अवस्था देखिएन[1]। मुलुकी ऐन संशोधन गरी अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल सम्बन्धी कानूनी व्यवस्था गर्दा सो बखत सम्म जारी नै नभएको सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिमको कसूरलाई बुझाउने गरी उक्त पदावली प्रयोग गरिएको भनी कल्पना गर्नु तार्किक हुँदैन।वस्तुतः सङ्गठित अपराध निवारण ऐन, २०७० जारी हुनु पूर्व "सङ्गठित अपराध" (Organized crime) को विषय मूलतःअवधारणागत पक्षमा मात्र सीमित थियो र यसका कानूनी आधारहरु विकसित भै सकेको अवस्था थिएन।यस स्थितिमा उल्लिखित कानूनी व्यवस्था गरिनु पूर्वको कानूनमा प्रयुक्त "सङ्गठित रुपमा" भन्ने शब्दावलीलाई पछि जारी भएको सङ्गठित अपराध निवारण ऐन, २०७० सँग सम्वद्ध देखाई व्याख्या गर्नु तर्कसम्मत र व्याख्याको नियम अनुकुलसमेत हुँदैन। मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को कानूनी व्यवस्थाको व्याख्याको सन्दर्भमा यो इजलासले यस ऐतिहासिक तथ्यलाई अनदेखा गर्न मिल्ने देखिएन।

यसैगरी,मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (३) मा "दुई वा दुई भन्दा बढी व्यक्ति" भन्ने शब्दहरुको प्रयोग नभई "सङ्गठित रुपमा गरे गराएको रहेछ" भन्ने शब्दावली प्रयोग भएको भएतापनि आधारभूत रुपमा उक्त व्यवस्था साविकको मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को व्यवस्थाको निरन्तरता भएको र मुलुकी ऐनको उक्त व्यवस्था सङ्गठित अपराध निवारण ऐन, २०७० को व्यवस्थासँग सम्बन्धित नदेखिएको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (३) मा

[1]नेपालले सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी(United Nations Convention against Transnational Organized Crime,2000 ) लाई ११ डिसेम्बर २००२ मा हस्ताक्षर गरी २३ डिसेम्बर २०११ मा व्यवस्थापिका संसदले अनुमोदन गरी उक्त सन्धीको पक्ष राष्ट्रको हैसियतले निर्वाह गर्नुपर्ने दायित्व निर्वाह गर्ने क्रममा छुट्टै कानूनी व्यवस्था गर्ने सन्दर्भमा सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ जारी भएपश्चात् मात्र नेपालमा सङ्गठित अपराध सम्बन्धी कानूनी व्यवस्था शुरु भएको हो।

प्रयुक्त“सङ्गठित रुपमा” भन्ने वाक्यांशले समेत संङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको "सङ्गठित रुपमा"अपराध गरेको अवस्थालाई जनाउने भनी मान्न मिल्ने देखिएन। अपितु उल्लिखित दुवै कानूनी व्यवस्थाले अपराधको उद्देश्य, कार्यशैली, ढाँचा, विधि, तरिका, संलग्न व्यक्तिको संख्या लगायतका मिसिलबाट देखिएको मुद्दाको तथ्य र परिस्थितिको विश्लेषण गरी दुई वा दुई भन्दा बढी व्यक्तिको सामूहिक वा सङ्गठित संलग्नतामा भएको अपहरण तथा शरीर बन्धकको कसूर सङ्गठित रुपमा गरे गराएको हो वा होइन भन्ने एकिन गरी सङ्गठित रुपमा गरे गराएको देखिएमा थप दुई वर्ष कैद सजाय हुने व्यवस्था गरेको देखियो। दफा २१४ को उपदफा (३) अन्तर्गत थप सजाय हुन सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा २(घ) मा वर्णित अवस्था बमोजिम तीन वा तीन भन्दा बढी व्यक्तिको समूह र सोही ऐनमा वर्णित अपराधिक समूहको सापेक्षता हुनैपर्ने भन्ने आवश्यकता देखिन आएन।

(ख) **<u>दोस्रो,</u>**सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ ले सङ्गठित अपराध गरेको मानिने गम्भीर कसूरको विवरण उल्लेख गरेको र सो ऐनको दफा ९(क) मा सङ्गठित अपराध ठहरिएको अवस्थामा प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने व्यवस्था देखिन्छ। यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (२) मा अपहरण गरी वा शरीर बन्धक लिई कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेमा त्यस्तो कसूर बापतको सजायसमेत थप हुने व्यवस्था देखिन्छ। यस प्रकार कुनै कसूर सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतसमेत कसूर ठहरिने अवस्था भएमा सो ऐनको दफा ९(क) तथा संहिताको दफा २१४ को उपदफा (२) बमोजिम थप सजाय हुने स्पष्ट र छुट्टै व्यवस्था रहे भएको देखिंदा दफा २१४ को उपदफा (३) मा प्रयुक्त "सङ्गठित रुपमा गरे गराएको कसूर" ले पुनः सोही ऐन बमोजिमको पूर्वावस्थालाई ईङ्गित गरेको भनी मान्न मिल्ने देखिएन। वस्तुतःमुद्दाको तथ्यबाट दुई वा दुई भन्दा बढी व्यक्तिको सामुहिक संलग्नतामा सङ्गठित रुपले कसूर गरे गराएको देखिएको अवस्थामा सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूर कायम हुन

सक्ने अवस्था नभए तापनि साविक मुलुकी ऐनको व्यवस्था सरह सङ्गठित रुपमा गरिएको कसूर कायम भै सजाय हुन सक्ने देखियो।

२५. यस प्रकार, साबिकमा प्रचलनमा रहेको मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. मा रहेको दुई वा दुई भन्दा बढी व्यक्ति मिली वा सङ्गठित रुपमा गरेको कसूरमा दुई वर्ष थप गरी सजाय गर्नुपर्ने भन्ने व्यवस्थालाई नै मुलुकी अपराध संहिता, २०७४ को दफा २१४को उपदफा (३) ले निरन्तरता प्रदान गरेको देखिँदा साविकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम थप दुई बर्ष कैद हुने गरी भएको फैसला केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२)(ग) बमोजिम कार्यान्वयन हुन नसक्ने अवस्था देखिएन।

२६. अब मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं.मा भएको सो महलको १, २ र ३ नं. बमोजिमको कसूर महिला वा नाबालक विरुद्ध गरिएको भए दुई वर्ष थप सजाय गर्ने व्यवस्था मुलुकी अपराध संहिता, २०७४ ले निरन्तरता दिए वा नदिएको के रहेछ भन्ने सम्बन्धमा हेर्दा सो संहिताको दफा २१४ मा थप सजाय हुने शीर्षक अन्तर्गत मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा उल्लेख भए बमोजिमको "महिला तथा नाबालक विरुद्ध कसूर गरेमा थप सजाय हुने" व्यवस्था रहे भएको देखिन आउँदैन।

२७. मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा कसूरको गम्भीरता बढाउने अवस्था अन्तर्गत देहाय (ब) मा "बालबालिका विरुद्धको कसूर" समावेश भएको देखिँदा बालबालिका विरुद्ध कसूर भएको अवस्थालाई सजायको मात्रा बढाउने तत्वको रुपमा लिनुपर्ने कानूनी दायित्व देखिन्छ। वस्तुतः मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-४ मा रहेको कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था फौजदारी कसूरमा सजाय निर्धारण गर्दा मिसिलबाट उजागर भएका तथ्यका रोहमा विचार गर्नुपर्ने पूर्वावस्था हो। कुनै फौजदारी कसूरमा निश्चित अवधिको कैद वा जरिवानाको अंक किटान नभई कसूर ठहर भएका कसूरदारलाई यति सम्म सजाय गर्न सकिने भनी स्वविवेकीय सजाय निर्धारण गर्दा न्यायकर्ताले उल्लिखित पूर्वावस्थालाई मनन गर्नुपर्ने हुन्छ। तर उल्लिखित दफा ३८(ब)

को कसूरको गम्भीरता बढाउने अवस्था र मुलुकी अपराध संहिता,२०७४ को दफा २१४ बमोजिम थप सजाय गर्नुपर्ने व्यवस्था कसूर तथा सजायको प्रकृति र परिणामका दृष्टिले नितान्त फरक व्यवस्था हो। संहिताको दफा ३८ को अवस्था न्यायकर्ताले सजाय निर्धारण गर्दा मिसिल संलग्न घटनाक्रम र वारदात परिस्थितिबाट देखिएको समग्र तथ्य एवँ कसूरको गम्भीरता र दोषको मात्रा लगायतको सन्दर्भमा विचार गर्नुपर्ने विषय हो भने थप सजाय हुनुपर्ने विषय बाध्यात्मक रुपमा पालना गर्नुपर्ने कानूनी व्यवस्था हो। थप सजाय गर्नुपर्ने व्यवस्थाले न्यायकर्तालाई त्यस्तो सजाय नगर्ने छनोटको अवसरदिएको देखिंदैन। यो स्वेच्छिक विषय पनि होइन । तसर्थ, परिणामका दृष्टिले थप सजाय हुनुपर्ने अवस्था आफैंमा एक नयाँ प्रकृतिको कसूरका रुपमा रहेको देखिंदा यदि कानूनमा थप सजाय गर्नुपर्ने स्पष्ट व्यवस्था छैन भने न्यायकर्ताले कसूरको गम्भीरताका आधारमा थप सजाय गर्न सक्ने अवस्था रहँदैन।

२८. कसूर जति सुकै अमानवीय र जघन्य किन नहोस अदालतले कसूरदारलाई कानूनले तोकेभन्दा बढी सजाय गर्न मिल्दैन। यो फौजदारी न्यायको स्थापित मान्यता हो। प्रस्तुत मुद्दामा बालबालिका विरुद्ध कसूर गरिएको तथ्य स्थापित छ। उक्त कार्य मुलुकी अपराध संहिता,२०७४ को दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने पूर्वावस्थासमेत हो। तथापि हाल कायम रहेको मुलुकी अपराध संहिताको दफा २१४ को थप सजाय हुने शीर्षकमा पूर्ववर्ती कानूनमा जस्तो "कसूर महिला वा नाबालक विरुद्ध गरिएको भए थप गरी दुई वर्ष सजाय गर्नुपर्ने"भन्ने व्यवस्थारहेको नदेखिंदा अन्य कुनै पनि आधार, कारण वा तर्कका आधारमा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ९ नं. बमोजिम थप भएको २ वर्ष कैद सजाय परिवर्तित कानूनी व्यवस्थाका सन्दर्भमा कार्यान्वयन हुन सक्ने देखिएन। उक्त सजाय कार्यान्वयन गर्दा नेपालको संविधानको धारा २० को उपधारा (४) मा उल्लिखित **तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजाय भागी हुने छैन भन्ने संवैधानिक व्यवस्था** र केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा **कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानून बमोजिम नै कार्यान्वयन हुनेछ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने**

**मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ** भन्ने कानूनी व्यवस्थासमेको प्रतिकूल हुने देखियो।

२९. पुनरावेदक प्रतिवादी *गणेशबहादुर श्रेष्ठ विरुद्ध नेपाल सरकार* भएको अपहरण गरी जबर्जस्ती करणी मुद्दामा[2] "**हाल प्रचलित मुलुकी अपराध संहिता,२०७४ मा बालबालिकालाई अपहरण गरिएको कुरालाई लिएर थप सजाय हुने प्रावधान रहेको नदेखिएको सो कुरालाई कसूरको गम्भीरता बढाउने तत्वको रुपमा सम्म उल्लेख गरिएको देखिंदा परिवर्तित कानूनी प्रावधानका सन्दर्भमा प्रतिवादीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. बमोजिम छुट्टै थप सजाय हुने गरी ठहर गर्न नमिल्ने**" भनी गरेको व्याख्या लगायत अन्य विभिन्न मुद्दामा[3] व्याख्या भै यस अदालतबाट स्पष्ट न्यायिक दृष्टिकोण विकास भएको सन्दर्भ समेत प्रासङ्गिक देखिन आउँछ।

३०. यस प्रकार, मुलुकी अपराध संहिता,२०७४ को परिच्छेद-१७ को अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूरमा पूर्ववर्ती मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा भएको महिला र नाबालक विरुद्ध भएको अपहरण र शरीर बन्धकको कसूरमा दुई वर्ष थप सजाय गर्नुपर्ने भन्ने व्यवस्थालाई निरन्तरता दिएको नदेखिँदा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९ (२) (ग) को रोहमा सो महलको ९ नं. बमोजिमको थप सजाय कार्यान्वयन गर्दा उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था, फौजदारी न्यायका मान्य सिद्धान्त र यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतको प्रतिकूल हुने देखिन आएकाले उक्त सजाय कार्यान्वयन हुन सक्ने देखिएन।

---

[2] मुद्दा नं. ०७३-CR-१४६१, फैसला मिति २०७८।१०।२४.

[3] बसन्त भन्ने हर्षबहादुर गुरुङ्ग विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत भएको ०७७-WH-००६४ को बन्दीप्रत्यक्षीकरणको निवेदन, निवेदक राजु गुरुङ्ग विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत ०७७-WH-००६९ को बन्दीप्रत्यक्षीकरण निवेदन, निवेदक हेमन्त गैरे बैतनी भन्ने हेमबहादुर थापामगर विरुद्ध काठमाडौं जिल्ला अदालत भएको ०७८-WH-००४० को बन्दीप्रत्यक्षीकरण निवेदन, निवेदक डिल्लीप्रसाद ढुंगेल विरुद्ध काठमाडौं जिल्ला अदालत भएको ०७८-WH-००५८ को बन्दीप्रत्यक्षीकरण निवेदन, निवेदक हुसेन राई विरुद्ध ललितपुर जिल्ला अदालत भएको ०७८-WH-००७१ को बन्दीप्रत्यक्षीकरण निवेदन, निवेदक संचित खड्का विरुद्ध ललितपुर जिल्ला अदालत भएको ०७८-WH-०१०४ को बन्दीप्रत्यक्षीकरण निवेदन र निवेदक रोशन भन्ने धनबहादुर तामाङ्ग विरुद्ध काठमाडौं जिल्ला अदालत भएको बन्दीप्रत्यक्षीकरण निवेदन।

३१. **अब दोस्रो अर्थात निवेदक पार्वती गाहामगर वि. काठमाडौं जिल्ला अदालतसमेत भएको ०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरण निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।१२।२३ मा व्याख्या भै कायम भएको सिद्धान्त वा प्रस्तुत मुद्दामा मिति २०७८।१०।६ मा संयुक्त इजलासबाट व्यक्त राय मध्ये कुन व्याख्या कायम हुनुपर्ने हो?** भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखिएको छ। निवेदक पार्वती गाहामगर विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत भएको ०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट आदेश हुँदा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको कसूरमा साविकमा मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय भै सामूहिक वा सङ्गठित रुपमा त्यस्तो कसूर भएको अवस्थामा सोही महलको ७नं.बमोजिम थप सजाय गर्ने व्यवस्था र ऐ.महलको ९ नं. बमोजिम सो महल अन्तर्गतको कसूर महिला वा नाबालक विरुद्ध गरिएको भए थप सजाय हुने व्यवस्था हाल कायम रहेको मुलुकी अपराध संहिता, २०७४ मा नरहेको र केही नेपाल कानूनलाई संशोधन,एकिकरण, समायोजन र खारेज गर्ने ऐन,२०७४ को दफा ३९(२)(ग) मा त्यस्तो सजाय मुलुकी अपराध संहितामा भएको हदसम्म मात्र कार्यान्वयन हुने भएकाले सङ्गठित रुपमा कसूर गरेको अवस्थामा बाहेक पूर्ववर्ती कानून मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. र ९नं. बमोजिम थप भएको सजाय कायम रहन नसक्ने भनी राय व्यक्त भएको देखिन्छ। माथिका विभिन्न प्रकरणहरुमा गरिएको विवेचनाबाट मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ को उपदफा (३) को व्यवस्था मुलुकी, ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. को व्यवस्थाको निरन्तरता देखिएको र मुद्दाको तथ्यको रोहबाट कुनै कसूर सङ्गठित रुपमा गरिएको भन्ने ठहर भएको अवस्थामा पुर्वोक्त ७नं. बमोजिम थप भएको २ वर्ष कैदको सजाय कार्यान्वयन गर्दा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) विपरित हुने अवस्था नदेखिएकाले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धकमा लिनेको महलको ७ नं. बमोजिम थप भएको सजाय कार्यान्वयन हुन नसक्ने भनी सो मुद्दामा संयुक्त इजलासबाट व्यक्त राय सो हदसम्म कायम हुन सक्ने देखिएन।

३२. यसैगरी, प्रस्तुत निवेदनमा संयुक्त इजलासबाट नाबालक उपर सङ्गठित रुपमा अपहरण गर्ने तथा शरीर बन्धकको कसूर भएको तथा पूर्ववर्ती मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धकमा लिनेको महल अन्तर्गत समेत अधिकतम १७ वर्षसम्म कैद सजाय हुने अवस्था भएकोमा प्रस्तुत मुद्दामा १४ वर्ष कैदको सजाय भएकाले उक्त सजाय कार्यन्वयन गर्न केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) को विपरित नहुने भनी राय व्यक्त भएकोमा माथिका प्रकरणहरुमा गरिएको विवेचनाबाट साविकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धकमा लिनेको महलको ३ नं. बमोजिम हुने सजायको निरन्तरता मुलुकी अपराध संहिता,२०७४ को दफा २१३ ले गरेको देखिएको, दफा २१३ मा अधिकतम दश वर्ष सम्म कैदको सजाय हुने व्यवस्था रहेको तथा मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धकमा लिनेको महलको ९ नं. मा भएको नाबालक उपर कसूर भएको अवस्थामा थप सजाय हुने व्यवस्थालाई मुलुकी अपराध संहिता,२०७४ ले निरन्तरता नदिएको अवस्थामा पूर्ववर्ती ऐनको जुन कसूरलाई मुलुकी अपराध संहिता,२०७४ ले निरन्तरता दिएको छ "सोही कसूर"मा हुने सजाय मुलुकी अपराध संहितामा लेखिएको हदसम्म कार्यान्वयन हुन सक्ने हुँदा सो परिच्छेद अन्तर्गत हुन सक्ने अधिकतम कैद सजायको हिसाब गरी सो भन्दा बढी कैद सजाय नभएको भन्ने र नाबालक विरुद्धको गरिएको कसूरले सजायको मात्रा बढाउने भन्ने समेत आधारमा मुलुकी अपराध संहिता,२०७४ ले निरन्तरता नै नदिएको मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धकमा लिनेको महलको ९ नं. बमोजिम थप गरिएको दुई वर्ष कैद सजाय परिवर्तित कानूनी व्यवस्थाको सन्दर्भमा कार्यान्वयन हुन नसक्ने भएकाले सो हदसम्म प्रस्तुत मुद्दामा संयुक्त इजलासबाट मिति २०७८।१०।०६ मा व्यक्त राय कायम हुन सक्ने देखिएन।

३३. परिणामतः मुलुकी अपराध संहिता, २०७४ को दफा २११,२१२,२१३ र २१४ तथा केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, को दफा ३९ (२)(ग) को रोहमा साविक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. बमोजिम थप भएको सजाय कार्यान्वयन हुन नसक्ने भनी निवेदक पार्वती गाहामगर समेत विरुद्ध काठमाडौं जिल्ला अदालत भएको ०७७-WH-०२४४ को बन्दीप्रत्यक्षीकरणको

निवेदनमा कायम भएको राय तथा ऐ.महलको ७ नं. बमोजिम भएको थप सजाय कार्यान्वयन हुने भनी प्रस्तुत मुद्दामा संयुक्त इजलासबाट व्यक्त राय सदर कायम हुन्छ।

३४. **अब, तेश्रो अर्थात निवेदन माग बमोजिम कुनै आदेश जारी हुनु पर्ने हो, होइन?** भन्ने प्रश्न तर्फ विचार गर्दा यी निवेदक विनोदकुमार यादव उपर चलेको अपहरण तथा शरीर बन्धक मुद्दामा साविक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम १० वर्ष कैद, ऐ. को ७ नं. बमोजिम थप २ वर्ष कैद र ६ वर्षको नाबालकलाई अपहरण गरेबापत ऐ. को ९ नं. बमोजिम थप २ वर्ष समेत जम्मा १४ वर्ष कैद हुने ठहऱ्याई भएको फैसला यस अदालतबाट समेत अन्तिम भै बसेको देखिन्छ। प्रस्तुत निवेदनको रोहबाट निवेदकले गरेको कसूर सङ्गठित रुपले गरिएको थियो वा थिएन भनी तथ्यको विश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा २१४(३) बमोजिम सङ्गठित रुपले नगरिएको भनी निष्कर्षमा पुग्न मिल्ने अवस्था रहँदैन। यी निवेदक अदालतको सोही अन्तिम फैसला बमोजिम रीतपूर्वकको कैदी पूर्जी पाई थुनामा रहेको देखिन्छ। अदालतको फैसलाले लागेको कैदबापत रीतपूर्वको कैदी पूर्जी पाई थुनामा बसेको र तोकिएको थुनाको अवधि व्यतित भैसकेको अवस्थासमेत नहुँदा त्यस्तो थुनालाई गैरकानूनी थुना भनी मान्न नमिल्ने भएकाले निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। सो हदसम्म रिट निवेदन खारेज हुने ठहर्छ।तथापि माथि प्रकरणहरुमा गरिएको विवेचना अनुरुपका आधार कारण र कानूनी व्यवस्थाका आधारमा साविक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम भएको सजायमा ऐ. महलको ९ नं. बमोजिम थप भएको दुई वर्ष कैद सजाय मुलुकी अपराध संहिता, २०७४ को अपहरण वा शरीर बन्धक सम्बन्धी कसूरमा रहेभएको नदेखिएको र केही नेपाल कानूनलाई संशोधन एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिम उक्त ९ नं. बमोजिम थप २ बर्ष कैदको सजाय कार्यान्वयन गर्न मिल्ने नदेखिंदा यी रिट निवेदकसमेत प्रतिवादी भै चलेको अपहरण तथा शरीर बन्धक मुद्दामा भएको फैसला बमोजिम यी निवेदकलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं. बमोजिम १० वर्ष कैद, ऐ. ७ नं. बमोजिम थप २ बर्ष

कैद र ऐ. ९ नं. बमोजिम थप २ बर्ष कैद समेत जम्मा १४ बर्ष कैद ठेकिएकोमा ऐ.महलको ९ नं. बमोजिम थप २ बर्ष कैद सजाय कायम नभै जम्मा १२ बर्ष मात्र कैद सजाय कायम हुने हुँदा सो बमोजिम १२ बर्ष कैद कायम गरी मिति २०७०।२।२० को कैदी पूर्जी संशोधन गरी फैसला कार्यान्वयन गर्नु भनी सप्तरी जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेश विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

न्यायाधीश                    का.मु. प्रधान न्यायाधीश

इजलाश अधिकृत :- मोहन सुवेदी

शाखा अधिकृतः सदिक्षा नेपाल

कम्प्यूटर टाईप गर्ने :- विकेश गुरागाई

इति सम्वत् २०७८ साल चैत्र २४ गते रोज ५ शुभम्...............................।